श्री

# कैलाली जिल्ला अदालत

## धनगढी, कैलाली

### प्रशासन शाखा

टेलीफोन नं. ०९१-५२११३०
फ्याक्स नं. ०९१-५२७३६९

पत्र संख्याः २०८२।०८३
च.नं. ८२५

## सूचना ! सूचना !! सूचना !!!

(प्रकाशित मितिः- २०८२/०४/२० गते)

विषयः- मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना।

मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र ९ तथा जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को दफा ६ र १० को व्यवस्था अनुसार अदालतले प्रत्येक बर्ष मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन र मेलमिलाप केन्द्रमा सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्न निवेदन माग गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा यस पूर्व नै सूचिकृत भएका मेलमिलापकर्ताहरुले जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को अनुसूची - ६ बमोजिमको ढाँचामा र नयाँ सूचिकृत हुन चाहने मेलमिलापकर्ताहरुले जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को अनुसूची - २ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र कार्यालय समयमा यस अदालतको प्रशासन शाखामा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>निवेदन साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु</u>

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (न्यूनतम स्नातक तह उत्तिर्ण गरेको) ।

३) मेलमिलाप परिषदबाट मेलमिलापकर्ताको परिचय पत्र लिई अद्यावधिक गरी म्याद कायम रहेको पुष्टी हुने प्रमाण निस्सा वा परिचय पत्र कार्डको प्रतिलिपी ।

४) मेलमिलाप सम्बन्धी तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी।

५) पासपोर्ट साइजको फोटो -२ प्रति ।

६) मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको नियमावली एवं मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपीसमेत पेश गर्नुपर्नेछ ।

२०८२।४।२०

चेतराज पन्त
श्रेस्तेदार (उपसचिव)

श्रेस्तेदार (उपसचिव) कैलाली जिल्ला अदालत

सम्पर्क व्यक्तिः- नायब सुब्बा श्री रामप्रसाद जोशी
मो.नं - ९८४८४६१५२७
कैलाली जिल्ला अदालत, प्रशासन शाखा ।